माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
,घर्तिगाउँ,रोल्पा
लुम्बिनी प्रदेश,नेपाल

प.स : २०८३/०८४
च.नं. :

मिति २०८३/०६/२९

भूउपयोग योजना तथा भू वर्गिकरण सम्बन्धी अत्यन्त जरुरी सुचना ।

यस माडी गाउँपालिका क्षेत्रभित्र (वडा नं १ देखी ६) सम्म रहेका जग्गाहरुको वैज्ञानिक भु-व्यावस्थापन,संरक्षण र समुचित उपयोग गर्ने उदेश्यले भूउपयोग ऐन,२०७६, भूउपयोग नियमावली २०७९ को मर्म बमोजिम माडी इन्जिनियरीङ्ग कन्ससल्ट प्रा.लि दारा तयार पारिएको भू उपयोग योजना तथा भू-वर्गिकरण सम्बन्धी अध्ययन प्रतिवेदन यस गाउँपालिकाको स्थानिय भूउपयोग परिषद् बाट स्वीकृत हुने क्रममा रहेको छ।

अतः भूउपयोग ऐन,२०७६को दफा ६ को उपदफा (५)र(६) दफा १९ को खण्ड (क) र भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका,२०८१ को दफा २८ को उपदफा १ बमोजिम सर्वसाधारण सबैको लागि यो सुचना प्रकाशित गरिएको छ।

थप जानकारी

१ क्षेत्रगत वर्गिकरण: जग्गालाई कृषि,आवासिय,व्यावसायिक,औधोगिक,खानी तथा खनिज,नदि-खोला सिमसार, वन,सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रहरूमा वर्गिकरण गरिएको छ।

२. विवरण अवलोकन: स्वीकृत योजनाको विस्तृत प्रतिवेदन,नक्सा र कित्तागत विवरण यस गाउँपालिकको कार्यालयक,सम्वन्धित वडाकार्यालयहरुको वेवसाइटमा हेर्न सकिन्छ।

३.दावि विरोध वा सुझाव: प्रकाशित वर्गिकरणमा कुनै प्राविधिक त्रुटि देखिएमा वा चित्त नबुझेमा यो सुचना प्रकाशित भएको मितिले (१५) पन्ध्र दिनभित्र आवश्यक प्रमाण सहित यस कार्यालय वा सम्वन्धित वडा कार्यालयमा लिखित निवेदन दिन सकिनेछ ।

४ कार्यान्वयन र अद्यावधिक: उक्त अवधि पश्चात स्वीकृत योजना पुर्ण रुपमा लागू हुनेछ र सोही बमोजिम जग्गाको स्रेस्ता अद्यावधिकको लागी नापि र मालपोत कार्यालयमा सिफारिस गरिने छ।

गणेश गौतम
प्रमुख प्रशासकिय अधिकृत

गणेश गौतम
प्रमुख प्रशासकीय अधिकृत